# गोसाईकुण्ड गाउँपालिका रसुवा

## स्थानीय राजपत्र

खण्डः- २ संख्याः- १ मितिः- २०७६/३/१६

भाग – २

## एक्साभेटर संचालन निर्देशिका -२०७५

**प्रस्तावना :**

गोसाइकुण्ड गाउँपालिकाबाट खरिद गरिएको एक्साभेटरको प्रभावकारी रुपमा संचालनको व्यवस्था मिलाउने, यसबाट हुने आम्दानीको हरहिसाब व्यवस्थित बनाउने एवं एक्साभेटरको नियमित मर्मत संभारको व्यवस्था मिलाउन वाञ्छनीय भएकोले गौसाइकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम गोसाइकुण्ड गाउँपालिकाको कार्यपालिकाबाट यो निर्देशिका बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भीक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम एक्साभेटर संचालन निर्देशिका २०७५ रहेको छ ।

(ख) यो निर्देशिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ख) संचित कोष भन्नाले गोसाइकुण्ड गाउँपालिकाको संचित कोष सम्झानु पर्दछ ।

(ग) कार्यालय भन्नाले गोसाइकुण्ड गाउँकार्यपालिकाको कार्यालयलाई सम्झानु पर्दछ ।

(घ) अध्यक्ष भन्नाले गोसाइकुण्ड गाउँपालिकाको अध्यक्षलाई सम्झानु पर्दछ ।

(ङ) समिति भन्नाले एक्साभेटर संचालन समिति सम्झनु पर्दछ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गोसाइकुण्ड गाउँपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) सुपरभाइजर भन्नाले एक्साभेटर रेखदेख गर्ने कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद-२
## एक्साभेटरको संचालन

१ एक्साभेटरको संचालनलाई व्यवस्थित बनाउन देहायका सदस्य रहने गरी एक एक्साभेटर व्यवस्थापन समिति गठन गरिने छ ।

क) गोसाइकुण्ड गाउँपालिकाको अध्यक्ष संयोजक

ख) गोसाइकुण्ड गाउँपालिकाको उपाध्यक्ष सदस्य

ग) गोसाइकुण्ड गाउँपालिकाको सम्वन्धित वडाहरुमा निर्माण कार्य हुँदा वडा अध्यक्ष पदेन सदस्य हुने

घ) गोसाइकुण्ड गाउँपालिकाको प्रशासकीय अधिकृत सदस्य

ङ)  प्रमुख आर्थिक प्रशासन शाखा सदस्य

च)  प्राविधिक इन्जीनियर सदस्य सचिव

**४. समितिको काम, कर्तव्य र अधिकार**

क) एक्साभेटर संचालन कार्यतालिका स्वीकृत गर्ने ।

ख) एक्साभेटर संचालनको समग्र अनुगमन गरी सम्बन्धित कर्मचारीलाई निर्देशन दिने ।

ग) एक पटकमा रु. ५ लाख सम्म भन्दा बढीको मर्मत रकम स्वीकृत गर्ने ।

घ) एक्साभेटरबाट प्राप्त आम्दानीको हरहिसावको अनुगमन गरी आवश्यक सुझाव निर्देशन दिने ।

ङ) एक्साभेटरको निर्यामित मर्मत संभारको व्यवस्था मिलाउने ।

च) सम्वन्धित वडामा एक्साभेटर संचालन हुँदा वडा अध्यक्षबाट रेखदेख र नियन्त्रण हुनेछ ।

**५. अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) एक्साभेटर संचालनको लागि स्वीकृत दिने वा प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृत दिन आदेश वा अधिकार प्रत्यायोजन गर्ने ।

ख) एक्साभेटरको निर्यामित मर्मत संभारको व्यवस्था मिलाई प्रभावकारी रुपमा संचालन गर्न समग्र नेतृत्व गर्ने ।

ग) पाँच लाख सम्मको मर्मत आदेश वा स्वीकृत दिने ।

**६. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षबाट आदेश लिई एक्साभेटर संचालन गर्न (सुपरभाईजर) जिम्मेवार व्यक्तिलाई निर्देशन दिने ।

ख) एक्साभेटरबाट प्राप्त आम्दानीको लेखा राख्न लगाउने र प्रत्येक महिनामा हिसाव किताव समिति समक्ष पेश गर्ने ।

ग) एक्साभेटरको समग्र व्यवस्थापनमा अध्यक्षको आदेशानुसार अन्य कार्य गर्ने गराउने ।

**७. लेखाशाखाको काम, कर्तव्य र अधिकार**

क) एक्साभेटरको आम्दानीको व्यवस्थित अभिलेख राखी मासिक प्रतसवेदन अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ख) एक्साभेटरको मर्मत संभार, ईन्धन आदिको व्यवस्थापनमा सहभागी भै खर्च गर्ने र लेखा राख्ने ।

**८. सुपरभाईजरको काम, कर्तव्य र अधिकार**

क) अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतको लिखित आदेश लिई सम्बन्धित वडा अध्यक्षसँग समन्वय गरी एक्साभेटरलाई काममा लगाउने ।

ख) एक्साभेटर गरेको कामको व्यवस्थित अभिलेख राख्ने ।

ग) लेखाशाखा र स्टोर शाखासँग समन्यव गरी मर्मत, ईन्धन आदीको व्यवस्थापन गर्ने ।

घ) एक्साभेटरको नियमित मर्मत संभारका लागि पेश गर्ने ।

ङ) अपरेटरको कामको नियमित रेखदेख नियन्त्रण गर्ने ।

**९. एक्साभेटरको भाडा दर**

क) एक्साभेटर संचालनको भाडादर देहाय बमोजिम हुनेछ ।

क.१) गाउँपालिकाबाट स्वीकृत योजनाको काममा खटाउँदा ईन्धन, बाहेक प्रति घण्टा रु. २००० ब्रेकर प्रति घण्टा रु.२७०० ।

क.२) अन्य पालिका भित्र निर्माण कार्यमा उपभोक्ता समितिलाई ईन्धन बाहेक प्रति घण्टा रु. २,५०० ब्रेकर प्रति घण्टा रु. ३,५०० ।

क.(३) अन्य व्यवसायीक संघ संस्था फर्म कम्पनीलाई ईन्धन, अप्रेटर भत्ता बाहेक प्रति घण्टा रु. २,७०० । ब्रेकर प्रति घण्टा रु.३,४०० ।

क.४) एक्साभेटर ढुवानी भाडामा लैजाने पक्षले व्यहोर्नु पर्नेछ ।

**१०. अप्रेटरको नियुक्ती र सेवा सुविधा**

क)  अध्यक्षको आदेशमा आपसी वार्ता द्वारा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम अप्रेटर करारमा नियक्ती गर्ने छ ।

ख)  नेपाल सरकारबाट स्वीकृत तलव भत्ता र एक्साभेटर संचालन गरेको समयमा प्रति घण्टा रु.२०० भत्ता उपलव्ध गराउने छ । यस्तो भत्ता कार्यालयले लगाएको सामन्य काम गर्दा उपलव्ध गराइने छैन ।

११. यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आएमा वा थप कुरा आवश्यक भएमा कार्यपालिकाको बैठकबाट थप परिमार्जन गर्न सकिने छ।

**१२. सुपरभाईजरको सुविधा**

क) एक्साभेटर संचालनको त्तियमित रेखदेख गरे बापत सुपरभाईजरलाई मासिक रु. ३५०० भत्ता उपलव्ध गराईने छ ।

**१३. मर्मत संभार कोष**

क) एक्साभेटरको मर्मत संभार प्रयोजनको लागि एक मर्मत संभार कोष रहनेछ । एक्साभेटरबाट प्राप्त आम्दानीको २० प्रतिशत रकम उक्त कोषमा जम्मा गरिने छ । यस कोषबाट यसै निर्देशिका बमोजिम एक्साभेटर मर्मत संभार गरिनेछ ।

**१४.** एक्साभेटर संचालन गर्दा गाउँपालिकाबाट स्वीकृत योजना, गाउँपालिका भित्र सँचालन हुने योजना, अन्य कम्पनी बा संस्थालाई क्रमश: प्राथामिकता दिईनेछ ।

**१५.** एक्साभेटर भाडामा दिँदा गाउँपालिकाबाट स्वीकृत योजना बाहेक अन्य काममा ५० प्रतिशत भाडा अग्रिम रकमलिई पठाईनेछ । गाउँपालिकाको योजनाको हकमा भाडा रकम खर्च लेख्दा सम्बन्धित उपभोक्ता समितिको नाममा खर्च लेखि सोझै गाउँपालिकाको राजश्व खातामा आम्दानी बाँधिनेछ ।

आज्ञाले<br>
देवीलाल सापकोटा<br>
प्रमुख प्रशासकीय अधिकृत